# हाट वजार वैठकी कर सम्बन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना

सुचना प्रकाशित मिति :- २०७३/०३/१५

यस देवदह नगरपालिका, रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिलका हाटवजारहरुको आर्थिक वर्ष ०७३/०७४ का लागि तपशिल वमोजिमका शर्त र अधिनमा रही हाटवजार वैठकी कर असुल उपर गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले १५ ( पन्ध्र) दिने शिलवन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

**तपशिल**

१. दरभाउ फारमको न्यूनतम वोल रकम निम्नानुसार रहने छ ।

क) शुक्रवारे हाटवजार खैरेनी रु ५,००,१००।-
ख) सोमवारे हाटवजार शित्तलनगर रु ३,०१,०००।-
ग) मंगलवारे हाटवाजर भलुही रु १६,०००।-
घ) मंगलवारे हाटवजार विर्ता रु १,८०,०००। -
ङ) आईतवारे हाटवजार पेटवनिया रु १०,५००।-
च) बुधवारे हाटवजार टटेरा रु ५०,०००।-
छ) शुक्रवारे हाटवजार चरङ्गे रु १५,०००।-

२. दरभाउ पत्र फारम रु ३००।- ( पछि फिर्ता नहुने गरी ) नगरपालिका कार्यालयवाट खरिद गर्नु पर्नेछ ।
३. प्रत्येक वजारका लागि छुट्टाछुट्टै दरभाउ फारम भर्नुपर्नेछ ।
४. दरभाउ पत्र फारम पेश गर्न नेपाली नागरिक भए ५ प्रतिशत र गैह्र नेपाली नागरिक भए १० प्रतिशत रकम यस कार्यलयको रा.वा. वैंक वुटवलमा रहेको धरौटी खाता नं. ग ३ - ३१२०३०००००१ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्ने वा उल्लेखित रकम नगदै दरभाउ पत्र साथ दाखिला भएको हुनु पर्नेछ ।
५. दरभाउ पत्र स्वीकृत भएको मितिले ७ दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्ने छ । अन्यथा धरौटी जफत गरी दास्रो दरभाउ स्वीकृत गर्न सकिनेछ ।
६. दरभाउ पत्र स्वीकृत भएको दरभाउ दाताको नाममा वैंक ग्यारेण्टी वा धितो जमानी हुनुपर्नेछ ।
७. दरभाउ फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन ।
८. दरभाउ रकम वढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । प्रथम किस्ता सम्झौता गर्दाको वखत, दोस्रो किस्ता असोज मसान्त भित्र र अन्तिम किस्ता पौष मसान्त भित्र बुझाई सक्नु पर्ने छ ।
९. दरभाउ फारम मिति २०७३/०३/२९ गतेका दिन दिनको १२:०० वजे सम्म दर्ता गराई सक्नुपर्ने छ । सोही दिनको १:०० वजे दरभाउ दाता वा निजको प्रतिनिधीको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा दरभाउ पत्र खोलिने छ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिने छ ।
१०. रित नपुगी आएको दरभाउ पत्रलाई मान्यता दिइने छैन ।
११. हाट वजार वैठकी कर नगरपालिकाको दररेट अनुसार हुने छ ।
१२. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ ।
१३. वक्यौता रकम भएका वोलपत्रदाताहरुले दरभाउ पत्र हाल्न पाइने छैन ।
१४. कवोल गरेको रकम सुरुमा बुझाई सम्झौता गर्नेलाई १० प्रतिशत छुट दिइनेछ ।
१५. कुनै पनि प्रकारको वहानामा मिनाहा दावी गर्न पाइने छैन ।
१६. वजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्वन्धि कार्य दरभाउ पत्रदाता स्वयंले गर्नुपर्नेछ । सोको खर्च दावी गर्न पाईने छैन ।
१७. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।
१९. अन्य थप जानकारीको लागि नगरपालिका कार्यालय देवदहमा सम्पर्क राख्न सकिने छ ।

गणेश घिमिरे
कार्यकारी अधिकृत

देवदह नगरपालिका कार्यालय
देवदह - ५ केरवानी, रुपन्देही
सम्पर्कको लागि ०७१- ५७७२९२ , ०७१-५७७४०३, ०७१-५७७३०३